# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असार २५ गते, २०८३ साल (संख्या १९

## भाग ३

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर २१**

**निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३**

निजामती सेवा नियमावली, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यी नियमहरूको नाम "निजामती सेवा (सोह्रौं संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>निजामती सेवा नियमावली २०५० को नियम ९५ मा संशोधन</u>** : निजामती सेवा नियमावली, २०५० (यसपछि "मूल नियमावली" भनिएको) को नियम ९५ को उपनियम (१) को खण्ड (ङ) झिकिएको छ।

३. **<u>मूल नियमावलीको नियम ११७ख. मा संशोधन</u>** : मूल नियमावलीको नियम ११७ख. को उपनियम (१) को खण्ड (च) र उपनियम (३) झिकिएका छन्।

४. **<u>खारेजी</u>** : मूल नियमावलीको नियम ११७क., १३३क. र अनुसूची १७ग. खारेज गरिएका छन्।

**आज्ञाले,**

**मदन भुजेल**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।